# स्थानीय राजपत्र

मिथिला नगरपालिका, नगर कार्यपालिकाद्वारा प्रकाशित

खण्ड २ मिथिला, श्रावण ११ गते, २०८१ साल संख्या ९

## भाग-१

## मिथिला नगरपालिका

## नगर प्रहरी ऐन, २०८१

नेपालको संविधानमा एकल अधिकार अन्तर्गत रहेको नगर प्रहरीलाई प्रभावकारी रूपमा परिचालन गरी मिथिला नगरपालिकाको नीति, कानुन तथा निर्णय कार्यान्वयनमा अपेक्षित उपलब्धी हासिल गर्न तथा गाउँ तथा शहरी सुव्यवस्थापनका विविध क्षेत्रमा सुधार गर्न नगर प्रहरीमार्फत प्रवाह हुने सेवालाई सक्षम, सेवामूलक, जनउत्तरदायी र गुणस्तरीय बनाउने सम्बन्धमा आवश्यक कानुनी व्यवस्था गर्न वान्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२) खण्ड (क) र दफा १०२ (१) बमोजिम मिथिला नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

मिथिला नगरपालिका

## परिच्छेद—१

प्रारम्भिकः १. संक्षिप्त नाम र प्रारम्भः

(क) यस ऐनको नाम "नगर प्रहरी ऐन, २०८१ "रहेको छ ।

(ख) यो ऐन स्थानिय राजपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ ।

२. परिभाषाः विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनुपर्छ ।

(ख) "कार्यपालिका" भन्नाले मिथिला नगरपालिकाको नगरकार्यपालिका सम्झनु पर्छ ।

(ग) "तोकिएको" वा "तोकिए वमोजिम" भन्नाले मिथिला नगरपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(घ) "नगर प्रहरी सेवा" भन्नाले मिथिला नगरपालिकाको नगर प्रहरी सम्बद्ध सेवा सम्झनुपर्छ ।

(ङ) "नगर सभा" भन्नाले मिथिला नगरपालिकाको नगर सभा सम्झनुपर्छ ।

(च) "परिवार" भन्नाले नगर प्रहरी कर्मचारीसँग बस्ने तथा निज आफैले पालनपोषण गर्नुपर्ने कर्मचारीको पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनुपर्छ र सो शब्दले पुरुष नगर प्रहरीको हकमा निजको बाजे, वज्यै तथा महिला नगर प्रहरीको हकमा निजको सासु ससुरालाई समेत जनाउँछ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ बमोजिम नियुक्त नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ज) "भत्ता" भन्नाले मिथिला नगरपालिकाले समय समयमा तोकिदिए वमोजिमको भत्ता सम्झनुपर्छ ।

(झ) "नगरपालिका" भन्नाले मिथिला नगरपालिका सम्झनुपर्छ ।

(ञ)"नगर प्रहरी" भन्नाले मिथिला नगरपालिकाबाट नियुक्त नगर प्रहरी कर्मचारी सम्झनुपर्छ र सो शब्दले नगर प्रहरीको हैसियतमा कामगर्ने गरी संस्थागत सम्झौताबाट उपलब्ध नगर प्रहरीलाई समेत जनाउछ ।

३. ऐनको व्याख्या नगरपालिकाले गर्नेः यस ऐनको कार्यान्वयन सम्बन्धमा कुनै बाधा अडकाउ परेमा वा कुनै दफाको कार्यान्वयनमा दुविधा भएमा नगर कार्यपालिकाले गरेको व्याख्या बमोजिम हुनेछ ।

## परिच्छेद–२

## नगर प्रहरी सेवा गठन, रेखदेख र नियन्त्रण

४. नगर प्रहरी सेवाको गठनः

(क) नगरपालिकामा एक नगर प्रहरी सेवा रहने छ ।

(ख) नगर प्रहरी सेवाको गठन र त्यसमा रहने नगर प्रहरीहरूको संख्या नगरसभाबाट तोकिए बमोजिम हुनेछ ।

५. नगर प्रहरीको रेखदेख तथा नियन्त्रणः

(१) नगर प्रहरीको परिचालन, रेखदेख, नियन्त्रण र निर्देशन दिने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ र निजको आदेश र निर्देशन पालन गर्नु प्रत्येक नगर प्रहरीको कर्तव्य हुनेछ ।

(२) नगर प्रहरी सेवामा रहने पदहरूः

नगर प्रहरी सेवामा देहायका पद र तहहरू रहनेछनः

(क) नगर प्रहरी निरीक्षक अधिकृतस्तर छैठौं

(ख) नगर प्रहरी वरिष्ठ नायव निरीक्षक सहायकस्तर पाँचौ

(ग) नगर प्रहरी नायव निरीक्षक सहायकस्तर पाँचौ

(घ) नगर प्रहरी सहायक निरीक्षक सहायकस्तर चौथो

(ङ) नगर प्रहरी वरिष्ठ हवल्दार सहायकस्तर तेश्रो

(च) नगर प्रहरी हवल्दार सहायकस्तर तेश्रो

(छ) नगर प्रहरी सहायक हवल्दार सहायकस्तर तेश्रो

(ज) नगर प्रहरी जवान सहायकस्तर दोश्रो

मिथिला नगरपालिका

(३) नगरपालिकाले नगर प्रहरीको प्रत्येक पदका लागि कार्य विवरण तोक्नेछ र त्यस्तो कार्य विवरणमा सम्बन्धित पदको काम, कर्तव्य, उत्तरदायित्व तथा अधिकार समेत उल्लेख गर्नेछ ।

(४) उपदफा (२) वमोजिमको पद र तहका नगर प्रहरीले अनुसुची—१ मा उल्लेख भए बमोजिमको दर्ज्यानी चिन्ह प्रयोग गर्नेछन।

## परिच्छेद—३
## नगर प्रहरीको काम, कर्तव्य र अधिकार

६. नगर प्रहरीको काम, कर्तव्य र अधिकारः

(१) कार्यपालिका, वडा समिति, सम्बद्ध विभाग तथा नगरपालिकाका पदाधिकारी तथा अधिकार प्राप्त अधिकारीको निर्णय तथा निर्देशन कार्यान्वयन गर्नु नगर प्रहरीको प्रमुख कर्तव्य हुनेछ । नगर प्रहरीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहनेछः

(क) नगरपालिकाको चल, अचल सम्पत्ति, भवन, जग्गा, पार्क, मेशिन, उपकरण आदिको सुरक्षा र संरक्षण गर्ने ।

(ख) नगर क्षेत्रभित्र हुने सभा, समारोह, परम्परा तथा जात्रा, चाडपर्वको सुरक्षा व्यवस्थापन गर्ने ।

(ग) बजार तथा सवारी पार्किङ स्थलको रेखदेख र व्यवस्थापन गर्ने ।

(घ) नगरपालिकाको सरसफाई सम्बन्धी अनुगमन, नियमन तथा कारबाही गर्ने ।

(ङ) नगरपालिकाको न्यायीक समिति वा कार्यालयबाट न्यायिक रोहमा भएका आदेश, मिलापत्र तथा निर्णय कार्यान्वयन गर्ने।

(च) सार्वजनिक, ऐलानी, पर्ती, सहरीवन, बगैचा, नदी उकास, नदी किनार, नदी करिडोर, सार्वजनिक बाटो तथा गल्ली, चोक, मठमन्दिर, पाटीपौवा तथा चौतारा, सार्वजनिक

मिथिला नगरपालिका

पोखरी, ढुंगेधारा, सार्वजनिक धारा, कुवा, सार्वजनिक तथा सामुदायीक भवन, बाटो निकास, चौर, खेलमैदान, कुलो, नहर, अन्त्यष्टीस्थल, धार्मिकस्थल, पुरातात्विक महत्वका सम्पदा आदिको संरक्षण र सुरक्षण गर्ने ।

(छ)विपद व्यवस्थापन सम्बन्धी खोजी, उद्दार, राहत तथा पुनस्र्थापना सम्बन्धी कार्य गर्ने।

(ज) अनधिकृत बाह्य विज्ञापन तथा होर्डिङबोर्ड नियन्त्रण तथा कारबाही गर्ने ।

(झ) छाडा पशु चौपायाको नियन्त्रण तथा व्यवस्थापन गर्ने ।

(ञ) सम्बन्धित विभागको समन्वयमा भवन निर्माण अनुमति इजाजत नलिई निर्माण भएका भवनजन्य संरचना र अनधिकृत निर्माण नियन्त्रण,सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्ने ।

(ट) फोहरमैला व्यवस्थापनमा अनुगमन, नियमन, नियन्त्रण तथा कारबाही सम्बन्धी कार्य गर्ने ।

(ठ सार्वजनिक आवागमनमा बाधा पुग्ने गरी राखिएका निर्माण सामग्री हटाउने।

(ड) स्वास्थ्यका लागि हानिकार चिज, अखाद्य तथा सडेगलेको, अवधि नाघेको खाद्य पदार्थ विक्रि वितरणमा रोक लगाउने।

(ढ) अधिकार प्राप्त अधिकारीको निर्णय र आदेश बमोजिम खतरा उत्पन्न हुने रुख काट्न लगाउने, घर पर्खाल भए भत्काउन लगाउने ।

(ण) वडा समिति सँगको समन्वयमा टोल सुधार समिति तथा सामुदायिक प्रहरीसँगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने ।

(त) नगरपालिकाको विभिन्न तहबाट भएका निर्णय, स्वीकृत योजना तथा कार्यक्रम कार्यान्वयन गर्न गराउन सहयोग गर्ने ।

(थ) राजस्व विभागसँगको समन्वयमा करदातालाई कर तिर्न सहजीकरण गर्ने ।

मिथिला नगरपालिका

(द) विना इजाजत पेसा व्यवसाय सञ्चालन गरेको पाइएमा त्यस्ता पेसा व्यवसायको दर्ता/नवीकरण गर्न लगाउने तथा सहजीकरण गर्ने ।

(ध) नगरपालिका क्षेत्रमा भित्तेलेखन, तुल, व्यानर तथा पोष्टर टाँस्न प्रतिवन्ध लगाउने निर्णय कार्यान्वयन गर्ने ।

(न) नगरपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा अनुमति नलिई गरिने जादु, सर्कस, जुवा लगायतका विकृतीजन्य क्रियाकलापमा रोक लगाउने ।

(प) वातावरण तथा पर्यावरणमा असर पर्ने सबै किसिमका प्रदुषण नियन्त्रण गर्ने।

(फ) वातावरणलाई असर पर्ने खालका प्लाष्टिकजन्य पदार्थको प्रयोगलाई नियन्त्रण गर्ने ।

(ब) सार्वजनिक स्थलमा धुम्रपान, मादक पदार्थ सेवन तथा सुर्तिजन्य पदार्थको प्रयोग तथा अन्य गैह्रकानुनी कार्यलाई नियन्त्रण गर्ने ।

(भ) नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका होटल, रेष्टुरेण्ट, लउन्ज, रेष्ट्रो, बार र क्लवमा बालबालिकाको उपयोग तथा सहभागितालाई निषेध गर्ने तथा ती स्थानहरूमा सामाजिक विकृतिजन्य कार्य नियन्त्रण गर्न अन्य सुरक्षा निकायसँग समन्वय गरी कार्य गर्ने, गराउने ।

(म) सवारी साधनबाट हुने वायु तथा ध्वनी प्रदुषण नियन्त्रणमा सहजीकरण गर्ने।

(य) धुवाँ, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक रूपमा वाधा पुग्ने गरी उद्योगधन्दा चलाउन रोक लगाउने कार्यमा सहयोग गर्ने ।

(र) दमकल सेवालाई २४ सैं घण्टा दुरुस्त राखी सञ्चालनको व्यवस्था मिलाउने।

(ल) नगरपालिकाले तोकेको अन्य कार्य गर्ने, गराउने ।

मिथिला नगरपालिका

(२) उपदफा (१) बमोजिमको कार्य सम्पादन गर्दा नगरपालिकाको प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, सम्बन्धित वडा अध्यक्ष र विभागीय प्रमुखसँग समेत आवश्यकता अनुसार समन्वय गर्नु नगर प्रहरीको कर्तव्य हुनेछ ।

**परिच्छेद–४**

**तह विभाजन र पदपूर्ति**

७.पद श्रृजना तथा दरवन्दी खारेजः (१) नगर प्रहरी सेवाको लागि आवश्यक पर्ने विभिन्न तहका दरवन्दीहरूको श्रृजना र आवश्यक नपर्ने दरबन्दीको खारेजी नगरसभाले गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको दरवन्दीको श्रृजनाका लागि प्रस्ताव पेसगर्नु भन्दा अघि सो पद श्रृजना गर्नुपर्ने कारण, प्रस्तावित पदले गर्नुपर्ने कामको विवरण, मौजुदा दरवन्दीले थप गरेको कार्यबोझ सम्हाल्न सक्ने नसक्ने अवस्था, आर्थिक क्षमता तथा प्रस्तावित पदले सगठनात्मक स्वरूपमा पार्ने प्रभाव समेत स्पष्ट खुलाई कार्यपालिका मार्फत नगरसभामा पेस गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम नगर प्रहरी सेवाअन्तर्गत रहेको कुनै दरवन्दी खारेज गर्नु परेमा खारेज गर्नु पर्नाको कारण स्पष्ट खुलाई कार्यापालिका मार्फत नगर सभामा पेस गर्नु पर्नेछ ।

८.नगर प्रहरी सेवामा शुरु नियुक्ति हुने पदहरूः नगर प्रहरी सेवामा रहने देहायका पदहरूको पूर्ति साधारणतया खुल्ला प्रतियोगिताद्वारा हुनेछः

(क)नगर प्रहरी निरिक्षक

(ख) नगर प्रहरी नायव निरिक्षक

(ग) नगर प्रहरी सहायक निरिक्षक



मिथिला नगरपालिका

(घ) नगर प्रहरी जवान

९. नियुक्ति गर्ने अधिकारीः (१)पदपूर्ति समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले नगर प्रहरीको नियुक्ति गर्नेछ ।

(२) पदपूर्ति गर्ने तरिकाः (१) नगर प्रहरी सेवाको नगर प्रहरी निरिक्षक, नगर प्रहरी नायव निरिक्षक, नगर प्रहरी सहायक निरीक्षक नगर प्रहरी जवान पदमा खुला प्रतिस्पर्धा द्धारा पदपुर्ति गरिनेछ ।

३. नगर प्रहरी सेवामा पदपूर्ति गर्दा पदपुर्ती समितिले मापदण्ड र आधार बनाउने छ ।

४) खुल्ला प्रतियोगिताद्धारा पदपूर्ति गर्दा ३३ प्रतिशत महिलाको सहभागीता हुनेगरी समावेशीको सिद्धान्त बमोजिम पदपूर्ति गरिनेछ ।

५) पदपूर्ति सम्बन्धी अन्य व्यवस्था नगरपालिकाले तोके बमोजिम हुनेछ ।

१०. पदपूर्ति समितिः (१) नगर प्रहरीको नियुक्ती गर्न देहाय बमोजिमको पदपूर्ति समिति रहने छः—

क) प्रशासकीय अधिकृत वा सेवानिवृत नेपाल प्रहरीको प्रहरी नायव उपरीक्षक भन्दा माथिल्लो तहको व्यक्ति —संयोजक

ख) नगर भित्र रहेका नेपाल प्रहरी कार्यालयको प्रमुख — सदस्य

ग) प्रशासन शाखा प्रमुख — सदस्य सचिव

११. उम्मेदवारको योग्यताः नगर प्रहरी पदको लागि न्युनतम योग्यता देहाय बमोजिम हुने छः—

क) नेपाली नागरिक

ख) प्रहरी निरिक्षकको लागि स्नातक वा सो सरह, प्रहरी नायव निरीक्षक तथा प्रहरी सहायक निरीक्षकको लागि कम्तिमा प्रमाणपत्र तह सो सरह उतिर्ण भएको हुनु पर्नेछ । प्रहरी जवानको लागि एस.एल.सी (SLC) एस.ई.ई.(SEE)



मिथिला नगरपालिका

वा सो सरह उतिर्ण गरेको हुनु पर्नेछ । खुला प्रतिस्पर्धाकोलागि २१ वर्ष पूरा भई २५ वर्ष ननाघेको ।

ग) नैतिक पतन देखिने फौजदारी सजाय नपाएको ।

घ) कुनै राजनीतिक दलको सदस्य नरहेको ।

ङ) प्रचलित कानून बमोजिम शारीरिक रूपमा तन्दुरुस्त रहेको ।

च) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र लिएको ।

छ) मानसिक सन्तुलन ठिक भएको

१२. सूचनाको म्यादः पदपूर्तिका लागि विज्ञापन गर्दा दरखास्त पेश गर्न १५ दिनको म्याद दिई सूचना प्रकाशन गर्नुपर्नेछ ।

१३. नगर प्रहरी सेवाको म्याद थप सम्बन्धमाः (१) नगर प्रहरी सेवाको कार्य सम्पादन मुल्याकंन बमोजिम सेवा अवधि प्रत्येक आर्थिक वर्षको पुष मसान्त र असार मसान्त सम्ममा नविकरण गर्नु पर्ने छ ।

(२) प्रहरी प्रमुख बाहेकको अन्य पदमा प्रहरी प्रमुखले र नगर प्रहरी प्रमुखको सेवा अवधि नविकरणको लागी प्रमुख प्रशासकीय अधिकृतले कार्य सम्पादन मुल्याकंन गर्नु पर्नेछ । .

३) कार्य सम्पादन मुल्याकंनको आधारमा प्रमुख प्रशासकिय अधिकृतको सिफारीसमा कार्यपालिकाले प्रहरी कर्मचारीको अबधिको नविकरण गर्नेछ ।

४) उपदफा (१) बमोजिम कार्यसम्पादन मुल्याङकनका आधारमा कुनै नगर प्रहरीको काम सन्तोषजनक नभएमा निजलाई नियुक्ति दिने अधिकारीले अवकाश दिन सक्नेछ ।तर त्यसरी अवकाश दिनु अघि निजलाई स्पष्टीकरणको लागि मनासिव माफीकको समय दिनु पर्नेछ ।

**परिच्छेद —५**

## नगरपालिकाको प्रशासन र नगर प्रहरीको सम्बन्ध

१४. नगरपालिका प्रशासनको नियन्त्रण रहनेः नगर प्रहरीको अनुशासन र आन्तरिक व्यवस्थाको कुरामा वाहेक समस्त नगर प्रहरी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहनेछन् ।

१५. नगर प्रहरी प्रमुख मार्फत पत्राचार हुनेः नगरपालिकाले नगर प्रहरी संगठनलाई आदेश वा निर्देशन गर्दा सामान्य तया नगर प्रहरी प्रमुख मार्फत लिखित वा मौखिक रुपमा गर्नुपर्नेछ ।

१६. कारबाही गर्दा परामर्श लिनेः प्रमुख प्रशासकिय प्रमुखले कुनै पनि नगर प्रहरीलाई अनुशासन हिनताको कारबाही गर्दा आवश्यकतानुसार नगर प्रहरी प्रमुखको परामर्श लिन सक्नेछ ।

१७. परीक्षणकालमा राखिनेः (१) नयाँ नियुक्ती हुने नगर प्रहरी कर्मचारीलाई ३ महिनाको परीक्षणकालमा राखिनेछ । सो अवधिमा त्यस्तो नगर प्रहरी कर्मचारीले सन्तोषजक काम नगरेमा नगर प्रहरी बल प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले पुन ३ महिना थप परीक्षणकालमा राख्न सक्नेछ । यो व्यवस्था महिला नगर प्रहरी कर्मचारीको हकमा पनि लागु हुनेछ ।

२. उपदफा (१) वमोजिम थप भएको परीक्षणकालमा रहेको नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा निजलाई नियुक्ति गर्ने अधिकारीले अवकास दिनेछ ।

१८. नियुक्ति सदरः (१) परीक्षण कालमा रहेका नगर प्रहरीले तोकिएको आधारभूत तालिममा उत्तीर्ण भएपश्चात नेपालको राष्ट्रिय झण्डा र

नगरपालिकाको झण्डा छुवाई शपथग्रहण गराए पश्चात प्रमुख प्रशासकीय अधिकृतबाट नियुक्ति सदर हुनेछ ।

१९. ज्येष्ठताक्रम कायम गर्नेः (१) नगर प्रहरी सेवा अन्तर्गतका विभिन्न पदहरूमा रहने नगर प्रहरीहरूको जेष्ठताक्रम कायम गर्दा कार्यपालिकाले तोके बमोजिम वा प्रचलित कानुन बमोजिमको योग्यता क्रमलाई आधार मानी ज्येष्ठता कायम गरिनेछ ।

२०. नगर प्रहरीको परिचालनः (१) नगर प्रहरीको परिचालन नगरपालिका अन्तर्गत नगर प्रहरी बलको नामबाट हुनेछ ।

(२) नगर प्रहरी बलको प्रमुखले नगर प्रहरीको परिचालन गर्नेछ ।

(३) नगर प्रहरीले पालना गर्नुपर्ने आचरण, अनुशासन र आन्तरिक व्यवस्थाको कुरामा बाहेक नगर प्रहरीको समग्र परिचालन, प्रत्यक्ष रेखदेख र नियन्त्रण प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ ।

(४) नगर प्रहरी बल, बलको अधिकार क्षेत्र तथा प्रभावकारिता वृद्धिका लागि कार्यपालिकाले नगर प्रहरी नीति तथा परिचालन कार्ययोजना जारी गर्न सक्नेछ ।

## परिच्छेद—६
## नगर प्रहरीको आचरण

२२. दान उपहार लिन नहुनेः नगरपालिकाको काममा असर पर्न सक्ने गरी नगर प्रहरी र निजको परिवारका सदस्य समेतले नगरपालिकाको पूर्व स्वीकृत विना स्वदेशी तथा विदेशी संघसंस्था, निकाय वा व्यक्ति कसैबाट कुनै प्रकारको दान, उपहार, पुरस्कार, कोसेली र उपकार स्वीकार गर्नु हुदैन ।



मिथिला नगरपालिका

२३.चन्दा लिन नहुनेः कुनै नगर प्रहरीले नगरपालिकाको पूर्व स्वीकृति विना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नु हुदैन र अरु कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्ने काममा समेत भाग लिन हुँदैन।

२४. स्वीकृती विना अचल सम्पत्ति खरिद गर्न नहुनेः नगरपालिकालाई पूर्व सूचना नदिई नगर प्रहरीले आफ्नो बसोबासको निमित्त आवश्यकपर्ने वाहेक आफ्नो वा आफ्नो परिवारको कुनै सदस्यको नाममा कुनै अचल सम्पत्ति खरिद गर्न हुदैन । नगरपालिकाको स्वीकृति लिएर भने खरिद गर्न सक्नेछ।

२५. सम्पत्तिको विवरण दिनुपर्नेः नियूक्ति भएका नगर प्रहरी कर्मचारीले नियुक्ति भएको मितिले तीन महिनाभित्र नगरपालिकाले तोकिएको कर्मचारी समक्ष देहायको सम्पत्तिको विवरण दाखिला गर्नुपर्ने छ ।

(क) आफ्नो वा परिवारको सदस्यको नाममा भएको प्रत्येक अचल सम्पत्ति र शेयर, बैक मौज्दातको विवरण ।

(ख) आफूसँग वा आफ्नो नाउँमा रहेको नगद, जवाहरात, सुन, चाँदीको अन्दाजी मूल्य ।

(ग) खण्ड (क) वमोजिमको विवरण दाखिला गर्दा संयुक्त परिवारमा रहेको नगर प्रहरी कर्मचारीले आफ्नो परिवारको प्रमुखको नाममा निजसँग रहेको सम्पत्तिको विवरण दाखिला गर्नुपर्नेछ ।

(घ) आफ्नो सम्पत्तिमा थपघट भएमा अख्तियारवालालाई सोको सूचना तीन महिना भित्र दिनु प्रत्येक नगर प्रहरीको कर्तव्य हुनेछ ।

२६.व्यापार व्यवसाय गर्न नहुनेः कुनै पनि नगर प्रहरी कर्मचारीले कार्यालयको स्वीकृती वेगर देहायका काम गर्नु हुँदैनः

(क) कुनै व्यापार गर्न,

(ख) कुनै फर्मको हिस्सेदार हुन र

(ग) कुनै व्यवसाय चलाउन ।

२७.नगरपालिकाको काममा थाहा पाएका कुराहरू प्रकाशन गर्न नहुनेः नगर प्रहरीले नगरपालिकाद्धारा अथवा विशेष रूपमा अख्तियार नपाई आफ्नो कर्तव्यको पालना गर्दा स्थानीय निकाय वा गैह्रसरकारी संघसंस्थाबाट प्राप्त गरेको वा आफैले लेखेको अथवा सङ्कलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट अरु अनधिकृत नगर प्रहरीलाई वा गैह्रसरकारी व्यक्तिलाई अथवा पत्रपत्रिकालाई जानकारी दिन हुदैन ।

२८.रेडियो वा पत्रिकासँग सम्पर्क राख्न नहुनेः नगर प्रहरीले नगरपालिकाको अनुमति प्राप्त नगरी कुनै पत्रपत्रिकामा आफ्नै वास्तविक अथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशित गर्न अथवा रेडियोद्धारा प्रसारण गर्न हुँदैन । तर, यस्तो प्रकाशन वा प्रसारण साहित्यिक, कलात्मक, ऐतिहासिक अथवा वैज्ञानिक र व्यवसायिक विषयको भएमा यस्तो स्वीकृती लिईरहनु पर्दैन र प्रकाशन वा प्रसारण गरेपछि जाहेरी गर्नुपर्नेछ ।

२९.नगरपालिकाको आलोचना गर्न हुदैनः नगर प्रहरीले नगरपालिकको नीति, कानुन वा निर्णयको बिरुद्धमा हुने गरी अथवा नगरपालिका र नगरबासीको आपसी सुसम्बन्धमा खलल पुग्ने गरी भाषण वा सम्वाद गर्न र लेख रचना प्रकाशन गर्नु हुँदैन ।

३०. निर्वाचनमा भाग लिन नहुनेः नगर प्रहरीले कुनै पनि राजनीतिक दलकोलागि कुनै निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा अन्य कुनै प्रकारले प्रभाव पार्न हुदैन । तर, कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानुनवमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधा पर्ने छैन ।

३१. राजनीतिमा भाग लिन नहुनेः नगर प्रहरीले कुनै राजनैतिक संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनैतिक संस्थालाई सहायताको निमित्त चन्दा दिन अथवा कुनै राजनैतिक संस्था, भातृ सगठनको सदस्य हुन वा जुनसुकै किसिमको आन्दोलनलाई कुनै प्रकारले आफ्नो प्रभाव पार्न सहयोग गर्न हुँदैन।

३२. समय पालन र नियमितताः नगर प्रहरीले ठिक समयमा तथा नियमित रूपमा आफ्नो पालोमा कार्यालयमा हाजिर हुनुपर्दछ र साधारणतया पहिले विदाको निकासा नलिई काममा अनुपस्थित हुनु हुँदैन ।

३३. अनुशासन र आज्ञापालनः (१) नगर प्रहरीले आफ्नो कर्तव्य तत्परताको साथ पालन गर्नुपर्नेछ ।

(२) नगर प्रहरीले आफ्नो कार्यालयको काम सम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृतले दिएको आज्ञालाई तदारुकतासाथ पालन गर्नुपर्नेछ ।

(३) नगर प्रहरीले आफूभन्दा माथिका सबै अधिकृतहरूप्रति उचित आदर देखाउनु पर्नेछ ।

(४) नगरपालिकाले नगर प्रहरीको लागि तोकेको पोशाक लगाउनु प्रत्येक नगर प्रहरीको कर्तव्य हुनेछ ।

३४. बाहिरी प्रभाव पार्न नहुनेः नगर प्रहरी कर्मचारीले आफ्नो नोकरी सम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृतमाथि कुनै अनुचित प्रभाव पार्न अथवा प्रभाव पार्ने प्रयत्न गर्न हुँदैन ।

३५. बहुबिबाह, बालबिबाह, अनमेल बिबाहमा प्रतिवन्धः नगर प्रहरीले मुलुकी देवानी संहिता तथा प्रचलित कानुन विपरित हुने गरी बिबाह गर्नु गराउनु हुँदैन ।

३६. सामाजिक सञ्जालको प्रयोग गर्न प्रतिबन्धः नगर प्रहरीले नगरपालिकाको काम कारबाही वा कुनै पदाधिकारी वा जुनसुकै तहको सरकारको नीति, कानुन वा निर्णयको आलोचना गर्ने वा भ्रम सिर्जना हुने किसिमको शव्द, वाक्य, चित्र वा कुनै इमेज पोष्ट गर्न हुदैन । तर, नगरपालिकाको नीति, कानुन वा कार्यक्रमको प्रचार प्रसार हुने गरी कुनै व्यहोरा सामाजिक सञ्जालमा प्रविष्ट गर्न भने यस दफाले प्रतिवन्ध लगाएको मानिने छैन ।

३७. जुवा तास खेल्न तथा खेलाउन नहुनेः नगर प्रहरीले कार्यालय समय, कार्यालय परिसर र कार्यालयको पहिरनमा रहेको वा नरहेको अवस्थामा समेत जुवा तास खेल्ने, खेलाउने वा खेल्न दुरुत्साहन गर्ने वा नगर प्रहरीको व्यावसायिक प्रतिष्ठा माथि आँच आउने किसिमका कुनै पनि कार्य गर्नु गराउनुहुदैन ।

३८. अन्य आचरणसम्बन्धी व्यवस्थाः नगर प्रहरीले यस ऐनमा उल्लेख गरेका आचरण सम्बन्धी व्यवस्थाको अतिरिक्त अन्य आचरण सम्बन्धि व्यवस्था कार्यपालीकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद—७

## सजाय र पुनरावेदन

३९. सजायः उचित र पर्याप्त कारण भएमा नगर प्रहरीलाई देहाय बमोजिमको विभागीय सजाय गर्न सकिनेछः—

(क) सामान्य सजाय —

(१) सचेत गराउने ।

(२) शारीरिक थकाई (दौडाउने) हुने सजाय गर्ने ।

(३) नसिहत दिने ।

(४) पदीय दायित्व पालना गर्ने सिलसिलामा लापरवाही गरी नगरपालिकालाई हानी नोक्सानी पुऱ्याएमा भएको हानी नोक्सानीको सम्पूर्ण वा आंशिक रूपमा तलव भत्ताबाट कट्टी गरी असुल उपर गर्ने ।

(५) तल्लो तहमा घटुवा गर्ने ।

(ख) विशेष सजायः—

(१) भविष्यमा नगरपालिकाको सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने ।

(२) भविष्यमा नगरपालिकाको सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने ।

४०. दर्जा र तलब घटाउनेः नगर प्रहरीलाई देहायको अवस्थामा सजाय गर्ने अधिकारीले तल्लो पद वा तल्लो टाइम स्केल वा त्यही टाइम स्केलको तल्लो स्केलमा घटुवा गर्न सक्ने र नगरपालिकालाई हानि नोक्सानी पुऱ्याएकोमा सो समेत निजबाट भराउन सक्नेछः

(क) सन्तोषजनक काम नगरेमा ।

(ख) अनुशासनहिन कार्य गरेमा ।

(ग) पदीय आचरण उल्लंघन गरेमा ।

(घ) नोकरीबाट अलग हुन झुठ्ठा कारण पेस गरेमा ।

(ङ) आफुभन्दा माथिल्लो कर्मचारीले दिएको आदेश निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा ।

(च) मनासिव कारण नभई वा विदा नलिई विदा बसेमा वा गैरहाजिर भएमा ।

४१. सजायसम्बन्धी कार्यविधिः (१) प्रहरी हवल्दार पद सम्मका नगर प्रहरीलाई सामान्य सजाय गर्ने अधिकार नगर प्रहरी बल प्रमुखलाई हुनेछ । नगर

प्रहरी सहायक निरिक्षक, नायव निरिक्षक र सो भन्दा माथिका अधिकृत प्रहरीलाई सामान्य सजाय गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ।

(२) नगर प्रहरीलाई विशेष सजाय गर्नु पर्ने भएमा प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा कार्यपालिकाले गर्नेछ ।

(३) नगर प्रहरी कर्मचारीलाई सजायको आदेश दिनु अघि कारबाही गर्न लागिएको व्यहोरा उल्लेख गरी, हुन सक्ने सजाय समेत खुलाई सूचना दिई निजलाई आफ्नो सफाई पेस गर्ने मौका दिनुपर्नेछ । त्यस्तो सूचना दिँदा लगाइएका आरोप स्पष्ट रूपले किटिएको हुनुपर्नेछ । त्यस्तो नगर प्रहरी कर्मचारीले सजाय गर्ने अधिकारीले तोकिएको म्यादभित्र आफ्नो सफाइको र प्रस्तावित सजायको सम्बन्धमा लिखित स्पष्टीकरण पेस गर्नुपर्नेछ । तर भागी पत्ता नलागेको वा अरु कुनै कारणले सम्पर्क स्थापित गर्न असम्भव भएको नगर प्रहरीको हकमा यस ऐनको कार्यविधिको रीत पुऱ्याउनु पर्ने छैन ।

४) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी प्रमाणित भइसकेको आधारमा कुनै नगर प्रहरी कर्मचारीलाई सजाय दिनुपर्ने भएमा सजाय गर्ने अधिकारीले निजलाई गर्न लागेको सजायको बारेमा सूचनासम्म दिनुपर्नेछ ।

५) सफाई पेस गर्ने मौका दिन मनासिव नपर्ने भएमा सो कुराको टिप्पणी खडा गरी त्यस्तो नगर प्रहरी कर्मचारीलाई सफाई पेस गर्ने मौका दिनु पर्नेछैन ।

(६) सजाय गर्ने अधिकारीले आवश्यक ठानेमा स्वयम वा अन्य कुनै अधिकृतद्धारा जाँचबुझ गराउन सक्नेछ । जाँचवुझ गर्ने अधिकारीले आवश्यकतानुसार सम्बन्धित नगर प्रहरी कर्मचारीसमेतसँग बुझी कारण सहित आफ्नो ठहरको प्रतिवेदन तथा भएको सबुद प्रमाण दाखिला गर्नुपर्नेछ ।

(७) कुनै नगर प्रहरी कर्मचारी माथि लागेको कुनै अभियोगको जाँचवुझ गर्नुपरेमा सजाय गर्ने अधिकारीले जाँचवुझ समाप्त नहुन्जेल सो नगर प्रहरी कर्मचारीलाई निलम्वन गर्न सक्नेछ । तर यस्तो निलम्वनको अवधि ३ महिना भन्दा वढी हुनेछैन ।

(८) उपदफा (७) वमोजिम निलम्वन अवस्थामा रहेको नगर प्रहरी कर्मचारीलाई निजले पाउने तलब भत्ताको एक चौथाई दिइनेछ ।

(९) कुनै फौजदारी अभियोगमा गिरफ्तार भई थुनिएको नगर प्रहरी कर्मचारी थुनिएको अवधिभर स्वतः निलम्वन भएको मानिनेछ । तर, निलम्वनमा रहेको कर्मचारी उपर लागेको अभियोग प्रमाणित नभई सफाई पाएमा निजले सो अवधिको चौथाइ तलव पाएको भए सो कट्टा गरी र नपाएको भए पुरै (तलव वृद्धि हुने भएमा सो समेत) पाउने छ । कसुरदार ठहरिएमा निलम्वन भएका मिति देखिको बाँकी तलव भत्ता पाउने छैन ।

(१०) कुनै प्रहरि कर्मचारी नगरपालिकाको कामको सम्बन्धमा वा नेपाल सरकारबाट भएको कारबाहीको सिलसिलामा निलम्वन भएको नभई अरु नै कारणबाट निलम्वन रहन गएको रहेछ भने त्यसरी निलम्वन रहेको अवधिको तलव भत्ता पाउने छैन ।

४२. सजायको आदेश दिनेः जाँचवुझको काम समाप्त भएपछि सम्बन्धित नगर प्रहरी कर्मचारीलाई निजसँग स्पष्टीकरण मागिएको भए निजले तोकिएको समयभित्र स्पष्टीकरण नदिएमा वा निजले दिएको स्पष्टिकरण सन्तोषजनक नलागेमा सजाय गर्ने अधिकारीले सजाय दिन सक्नेछ र सजायको आदेशको एक प्रति निजलाई दिनुपर्नेछ ।

४३. सेवाको अन्त्य गर्नेः कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा निजको सेवा अन्त्य गर्नुपर्दा दफा ३९ वमोजिमको कार्यविधि अपनाउनु पर्नेछैन ।

मिथिला नगरपालिका

(क) परीक्षणकालमा रहने गरी नियुक्ति भएकोमा नियुक्ति सदर नहुँदै

(ख) स्वीकृत चिकित्सकको बोर्डले शारीरिक दृष्टिले अनुपयुक्त ठहऱ्याएमा।

४४. पुनरावेदनको कार्यविधिः (१) नगर प्रहरी बल प्रमुखले सजाय दिएको हकमा प्रमुख प्रशासकीय अधिकृत र प्रमुख प्रशासकीय अधिकृतले सजाय दिएको हकमा कार्यपालिका समक्ष पुनरावेदन लाग्नेछ ।

(२) दफा ४०अन्तर्गत दिइएको आदेशमा चित्त नबुझी पुनरावेदन गर्ने कर्मचारीले आफ्नो नामबाट पुनरावेदन दिनुपर्नेछ।

(३) पुनरावेदन गर्ने व्यक्तिले आफ्नो सफाइको निमित्त प्रमाण सहित पुनरावेदन पेस गर्दा शिष्ट भाषामा लेखिएको हुनुपर्नेछ । पुनरावेदनका साथमा जुन आदेशको विरुद्ध पुनरावेदन गरिएको हो सो आदेशको नक्कल पनि राखुपर्नेछ।

(५) सजायको सूचना पाएको १५ दिनभित्र पुनरावेदन दिनुपर्नेछ ।

(६) पुनरावेदनको हकमा कार्यपालिकाबाट भएको निर्णय अन्तिम हुनेछ ।

## परिच्छेद—८

## तालिम

४५. तालिमको व्यवस्थाः नगर प्रहरीलाई कुशल एवम् दक्ष बनाउन नगरपालिकाले तोकिए वमोजिमको तालिम सञ्चालन गर्नेछ ।

४६. तालिमको अनिवार्यताः (१) नगर प्रहरी सेवामा रहेका सबै नगर प्रहरीलाई आवश्यकतानुसार तालिम लिन अनिवार्य हुनेछ । तालिममा सहभागी हुने नगर प्रहरीले लापरवाही देखाएमा वा व्यावसायिक ज्ञानप्रति उदासिनता तथा गैरजिम्मेवारी देखाएको खण्डमा सो व्यहोरा अभिलेखमा जनाइनेछ ।

(२) व्यावसायिक तालिम हासिल गर्न उदासिनता देखाएको व्यहोरा अभिलेखमा जनाई सकेपछि निजलाई पुनः एकपटक तालीमको मौका दिइनेछ ।



मिथिला नगरपालिका

त्यसपछि पनि उदासिनता र गैरजिम्मेवारी देखाउनेलाई तल्लो पदमा घटुवा गर्न वा सेवाबाट हटाउन सकिनेछ ।

४७. तालिमको पाठ्यक्रमः विभिन्न तालिमहरूको पाठ्यक्रम तयार गर्न नगर प्रहरी बल प्रमुख समेत रहने गरी प्रशासकीय प्रमुखबाट एक समितिको गठन हुनेछ ।

**परिच्छेदः ९**

**नगर प्रहरी कर्मचारीको बिदा सम्बन्धमाः**

४८. बिदा अधिकारको कुरा होइनः (१) नगर प्रहरीले अधिकारको रूपमा बिदाको दावी गर्न पाउने छैन ।

(२) कामको अनुकुल हेरी बिदा दिने अधिकारीले आफनो तजबिजबाट बिदा दिन अथवा नदिन पनि सक्नेछ साथै आवश्यक परेमा बिदामा बसेको नगर प्रहरीलाई निजको स्वीकृत बिदा रद्द गरी बोलाई काममा लगाउन सक्नेछ।

(३) नगर प्रहरीले देहाय बमोजिमका बिदा पाउनेछनः

१) भैपरी आउने र पर्व बिदा

२) बिरामी बिदा

३) किरिया बिदा

४) प्रसुती बिदा

४९. बिदा नलिई घर बस्ने नगर प्रहरीलाई सेवाबाट हटाउनेः

(१) यस ऐन बमोजिम बिदा नलिई नगर प्रहरी गैरहाजिर हुन पाउने छैन ।

(२) गैर हाजिर हुने नगर प्रहरीलाई नगरपालिकाले सेवाबाट हटाउन सक्नेछ । तर निकास नहुँदै बिदा बसी पछि सो गैर हाजिर भएको अवधिको लागि बिदाको निवेदन गरी सो बिदा स्वीकृत भएमा यो नियम उल्लङ्घन गरेको मनिने छैन ।

५०. भैपरी र पर्व बिदाः

(१) नगर प्रहरीले प्रत्येक आर्थिक वर्षमा १२ दिनमा नबढाई भैपरी र पर्व बिदा पाउने छ । मासिक रुपमा एक दिनको दरले विदा लिन पाउनेछ । पेश्कि विदा बढिमा १ दिन सम्म थप लिन सक्नेछ।

२) भैपरी र पर्व बिदा साधारणतया एक पटकमा २ दिनमा नबढाई लिन पाइने छ ।

३) भैपरी र पर्व बिदा एक आर्थिक वर्षको विदा अर्को आर्थिक बर्षमा लिन पाइने छैन ।

४) बिदा बस्नु परेमा कुनै प्रहरी कर्मचारीले बिदाको स्वीकृति लिई रहन नभ्याएमा बिदा बसेपछि स्वीकृत गराउन पनि सक्नेछ। सम्बन्धित अधिकारीलाई मौखिक वा अन्य कुनै माध्यमबाट विदाको जानकारी दिनु पर्नेछ ।

५) भैपरी र पर्व बिदा बसेका नगर प्रहरीहरूले पूरा तलब, भत्ता, राशन पाउनेछ।

५१. बिरामी बिदाः

(१) आफ्नो पदको कर्तव्य पालन गर्दा चोटपटक लाग्न गई वा बिरामी भई अस्पतालमा भर्ना भई उपचार गराउँदा सरकारी अस्पतालको मान्यता प्राप्त चिकित्सकले गरेको सिफारिस बमोजिम लाग्ने दिनको मात्र विदा पाउने छ।

(४) सात दिनभन्दा बढी अवधिको बिरामी बिदा माग गर्ने नगर प्रहरीले स्वीकृत चिकित्सकको प्रमाणपत्र पेश गर्नुपर्नेछ । तर यस्तो प्रमाणपत्र पेश गर्न साधारण तया सम्भव छैन भन्ने बिदा दिने अधिकारीलाई विश्वास भएमा निजले सो व्यहोरा खुलाई प्रमाणपत्र पेश नगरी बिदा दिन सक्नेछ ।

५२. किरिया बिदाः

(१) नगर प्रहरी आफैं किरियामा बस्नु परेमा कुल धर्म अनुसार बढीमा १५ दिन किरिया बिदा पाउनेछ । यस्तो बिदा महिला नगर प्रहरीको पतिले किरिया बस्नुपरेमा त्यस्तो महिला कर्मचारीलाई समेत दिइने छ ।

(२) यस्तो किरिया बिदा बस्ने नगर प्रहरीले पूरा तलब, भत्ता र राशन पाउनेछ।

५३. प्रसूती बिदाः

(१) महिला नगर प्रहरी गर्भवती भएमा निजले सुत्केरीको अघिपछि गरी ६० (साठ्ठी) दिन प्रसूती बिदा पाउनेछ ।

(२) प्रसूती बिदा बस्ने महिला नगर प्रहरीले पूरा तलब, भत्ता र राशन पाउनेछ ।

(३) प्रसूती बिदा सेवा अवधिभर दुई पटक मात्र दिइनेछ साथै नगरपालिकाले दिएको सुविधा उपभोग गर्न पाउनेछ ।

(४) उल्लेख भए अनुसारको बिदाको अभिलेख कर्मचारीको बिदा स्वीकृत गर्ने शाखाले अध्यावधिक बनाई राख्नुपर्नेछ ।

५४. बिदा दिने अधिकारः नगर प्रहरीलाई दिइने सम्पूर्ण विदाहरू प्रमुख प्रशासकीय अधिकृतले स्वृकिति गर्ने छन् ।

५५. कार्यालयमा अनुपस्थित हुने उपर कारवाहीः बिदा नलिई कार्यालयमा अनुपस्थित हुने नगर प्रहरी कर्मचारीलाई गयल र तलब कट्टी गरी विभागीय सजायसमेत गर्न सकिनेछ । यसरी गयल भएको अवधि सेवा अवधिमा गणना हुने छैन ।

५६. बिदाको अभिलेखः बिदा दिने अधिकारीले आफ्नो मातहतका सबै नगर प्रहरीको बिदाको अभिलेख प्रशासन शाखा मार्फत राख्न लगाउने छ ।.

५७. गयल खाली जनाउनेः कुनै नगर प्रहरी गयल परी सो कुराको जनाउ नगरपालिकाको प्रशासन शाखाले प्रमुख प्रशासकिय अधिकृत समक्ष जानकारी गराई सकेपछि सम्बन्धित नगर प्रहरीले बिदा स्वीकृत हुन पर्ने व्यहोरा दर्शाई

आफू गयल परेको सूचना पाएको मितिले १५ दिनभित्र आफूलाई गयल गर्ने अधिकारी भन्दा एकतह माथिको सम्बन्धित अधिकारी समक्ष प्रतिवेदन दिन सक्नेछ । सो प्रतिवेदन उपर छानविन र जाँच पडताल गर्दा नगर प्रहरीको प्रतिवेदन व्यहोरा साँचो देखिन आएमा सम्बन्धित अधिकृतले बिदा स्वीकृत गरी थमौती गरेको व्यहोरा लेखि पठाउन सक्नेछ ।

५८. झुठो कारण देखाएमा सजाय हुनेः

कुनै नगर प्रहरीले कुनै झुठ्ठा कारण देखाई किरिया बिदा र प्रसूती बिदा लिई बसेको ठहरिएमा त्यस्तो नगर प्रहरी विभागीय सजायको भागी हुनेछ ।

## परिच्छेद—१०

## पोशाक,तलव र राशन

५९. नगर प्रहरी पोशाकः नगर प्रहरीको पोशाकको रंग, किसिम र अन्य विवरण प्रमुख प्रशासकीय अधिकृतले सिफारिश गरे बमोजिम कार्यापालिकाबाट तोके वमोजिम हुनेछ ।

६०. पोशाक, सामान तथा उपकरणः प्रत्येक नगर प्रहरी कर्मचारीला ई तोके बमोजिमको पोशाक, सामान तथा उपकरण उपलब्ध गराईनेछ ।

६१. मौसम अनुसारको पोशाकः नगर प्रहरी कर्मचारीलाई मौसम अनुसार तोकिएको पोशाक उपलब्ध गराईनेछ ।

६२. नगर प्रहरीले पदिय जिम्मेवारी अनुसारको प्रचलित कानुन वमोजिम तलव भत्ता पाउनेछन ।

६३. नगर प्रहरीले पदिय जिम्मेवारी वमोजिम नेपाल प्रहरी सरह राशन पाउनेछन ।

६४. नगर प्रहरी आवसिय व्यारेक प्रणालीमा रहनु पर्नेछ । आवसिय व्यारेक प्रणाली सुरुवात नहुन्जेलसम्म नगर कार्यपालिकाले निर्यण गरे वमोजिम हुनेछद ।

## परिच्छेद—११
## विविध

६५. विभागीय आदेश र निर्देशनः ऐनको परिधिभित्र रही देहायका विषयमा नगर प्रहरी बल प्रमुखले आवश्यक आदेश तथा निर्देशन जारी गर्न सक्नेछ । यसरी जारी गरेको महत्वपूर्ण आदेश र निर्देशनको जानकारी प्रमुख प्रशासकीय अधिकृतलाई पठाउनु पर्नेछ ।

(क) कार्यमा छिटो छरितोपन ल्याउने विषय,

(ख) मातहतको नगर प्रहरी कार्यालयलाई नियन्त्रण गर्ने विषय,

(ग) मातहत कार्यालयको कार्यमा समन्वय कायम ल्याउने विषय,

(घ) प्रचलित कानुनमा उल्लेख भएका कुराहरू स्पष्ट तथा विस्तृत गर्ने विषय,

(ङ) विभागीय अनुशासनसम्बन्धी व्यवस्था ।

६६. परामर्श कक्ष सञ्चालन गर्नेः (१) नगर प्रहरीले आफुले सम्पादन गर्ने काम कारबाही सम्बन्धमा सरोकारवाला व्यक्ति, संघसंस्था वा सम्बद्ध पक्षलाई तत् विषयमा सूचित गर्ने, जानकारी दिने, सहभागी गराउने, सकारात्मक सोच

मिथिला नगरपालिका

विकास गराउने आदि कार्यको लागि नगर प्रहरी बल मातहत परामर्श कक्ष सञ्चालन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको परामर्श कक्षमा विभिन्न विषयका विज्ञहरूबाट परामर्श दिइनेछ ।

६७. पुरस्कारः कुनै नगर प्रहरीले आफ्नो कर्तव्यपालनको सिलसिलामा प्रसंशनीय, जोखिमपूर्ण काम गरेमा त्यस्तो नगर प्रहरीलाई नगर प्रहरी बल प्रमुखले पुरस्कार स्वरूप देहाय वमोजिमको ग्रेड, पदक वा एकमुष्ट रकम उपलब्ध गराउन सिफारिस गर्न सक्नेछः

क) नगरपालिकाका प्रमुखले दुई ग्रेडसम्म थप

ख) प्रमुख प्रशासकीय अधिकृतले एक ग्रेडसम्म थप

६८. प्रोत्साहन तथा जोखिम भत्ताः नगर प्रहरीलाई अतिरिक्त समय कार्य गराउनु परेमा नगर प्रहरी बल प्रमुखको सिफारिसमा नगर कार्यपालिकाको निर्णय वमोजिम प्रोत्साहन तथा जोखिम भत्ता उपलब्ध गराउन सक्नेछ ।

६९. पेसागत संघ सगठनको सदस्यता लिन नमिल्नेः नगर प्रहरीले नगरपालिकामा रहेका कुनै पनि पेसागत सगठनको सदस्यता लिन, सभा सगठनमा भाग लिन प्रतिवन्ध गरिएको छ । यस व्यवस्थाको उल्लघंन गरेको पाइएमा विभागीय कारबाही हुनेछ ।

७०. नगर प्रहरीको उमेर हदसम्बन्धी व्यवस्थाः (१) नगर प्रहरी सेवामा नगर प्रहरीको सेवाको उमेर हद देहाय बमोजिम हुनेछ ।

(क) नगर प्रहरी निरीक्षक ५२ वर्ष

(ख) नगर प्रहरी नायव निरीक्षक ५२ वर्ष



मिथिला नगरपालिका

(ग) नगर प्रहरी सहायक निरीक्षक ५२ वर्ष

(घ) नगर प्रहरी हवल्दार ४८ वर्ष

(ङ) नगर प्रहरी जवान ४८ वर्ष

(३) उपदफा (१) मा लेखिएको अवधि भुक्तान गरेपछि नगर प्रहरी कर्मचारीले अनिवार्य अवकास पाउनेछन ।

७१. न्यायिक समितिको क्षेत्राधिकार हुनेः नगर प्रहरी बलले सम्पादन गर्ने काम कारबाही सम्बन्धमा सरोकारवालाले कुनै गुनासो, उजुरी वा न्यायिक निवेदन पेस गर्न चाहेमा नगरपालिका अन्तर्गतको न्यायिक समितिमा पेस गर्न सक्नेछ ।

७२. सुरक्षा निकायसँग सहकार्यः नगर प्रहरी बलले गाउँ तथा सहरी सुव्यवस्था कायम गर्न, शान्ति सुरक्षा कायम गर्न तथा नगरवासीको अमनचयन स्थापित गर्न नेपाल सरकार, प्रदेश सरकार, अन्य स्थानीय तह सम्बद्ध सुरक्षा निकायहरूसँग  आवश्यक समन्वय, सहयोग र सहकार्य गर्न सक्नेछ ।

७३. अन्य व्यवस्थाः नगरपालिकाले यस ऐनमा उल्लेख नभएका नगर प्रहरीको सेवा संवद्ध कुनै विषयमा निर्णय गर्नु परेमा सेवाको प्रकृति सम्बद्ध कानुनलाई आधार मानी निर्णय गर्नेछ ।

७४. बाधा अड्काउ फुकाउनेः यस नगर कार्यपालिकाको कार्यालयमा कार्यरत नगर प्रहरीहरूको सेवा, शर्त, सुविधा र सञ्चालन यस ऐनमा व्यवस्था भएको हदसम्म यसै ऐन बमोजिम हुनेछ ।यस ऐनको प्रयोगको क्रममा कुनै बाधा अडकाउपरेमा कार्यपालिकाले त्यस्तो बाधा अडकाउ फुकाउन सक्नेछ ।

मिथिला नगरपालिका

७५. प्रचलित कानून बमोजिम हुनेः यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुने छ ।

७६. नियम बनाउन सक्नेः यस ऐनको कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक नियम बनाउन सक्ने छ र त्यस्तो नियम मिथिला नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन पश्चात लागू हुने छ ।

७७. मापदण्ड, निर्देशिका र कार्यविधि बनाउन सक्नेः यस ऐन कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक मापदण्ड, निर्देशिका तथा कार्यविधि बनाउन सक्ने छ ।

७७. ऐन संशोधनः यस ऐनमा आवश्यक संशोधन मिथिला नगरपालिकाको नगर सभाले गर्न सक्ने छ ।

मिथिला नगरपालिका

## अनुसूची–१

**(दफा ५ (४) सँग सम्बन्धित)**

**नगर प्रहरी बलमा देहाय वमोजिम पद, तह र दर्ज्यानी चिह्न रहनेछन्:**

| सि | पद | तह | दर्ज्यानी चिन्ह |
|---|---|---|---|
| १ | नगर प्रहरी निरीक्षक | अधिकृतस्तर छैटौं |  |
| २ | नगर प्रहरी वरिष्ठ नायव निरीक्षक | सहायकस्तर पाचौं |  |
| ३ | नगर प्रहरी नायव निरीक्षक | सहायकस्तर पाचौं |  |
| ४ | नगर प्रहरी सहायक निरीक्षक | सहायकस्तर चौथौं |  |
| ५ | नगर प्रहरी वरिष्ठ हवल्दार | सहायकस्तर तेश्रो |  |

मिथिला नगरपालिका

| | | | |
|---|---|---|---|
| ६ | नगर प्रहरी हवल्दार | सहायकस्तर तेश्रो |  |
| ७ | नगर प्रहरी सहायक हवल्दार | सहायकस्तर तेश्रो |  |
| ८ | नगर प्रहरी जवान | सहायकस्तर दोश्रो |  |

**आज्ञाले**
**अशोक कुमार भण्डारी**
**प्रमुख प्रशासकीय अधिकृत**